# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, माघ २५ गते २०५५ साल (संख्या ४२

## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकारले निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी रोल्पा, रुकुम, सल्यान र जाजरकोट जिल्लाहरूको जिल्ला विकास समितिका पदाधिकारीहरूको २०५५ माघ ३ गते भएको निर्वाचन सम्बन्धमा सोही ऐन अन्तर्गतको मुद्दामा कारवाही र किनारा गर्न उपर्युक्त जिल्लाका सम्बन्धित जिल्ला न्यायाधीश रहेको एक सदस्यीय निर्वाचन अदालत गठन गरेको छ र सो निर्वाचन अदालतको निर्णय उपर पुनरावेदन सुन्न सोही ऐनको दफा २२ को उपदफा (२) को प्रयोजनको लागि सो निर्वाचन अदालत रहेको क्षेत्रको पुनरावेदन अदालतलाई तोकेको छ ।

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

३९१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी खण्ड ४१, संख्या ३१, मिति २०४८।८।१२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना २ ले घोषित गरेको मकालु वरुण संरक्षण क्षेत्र परित्याग गरी सोही ऐनको दफा ३क को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सगरमाथा अञ्चलको सोलुखुम्बु जिल्ला र कोशी अञ्चलको संखुवासभा जिल्लाको देहायबमोजिमको चार किल्लाभित्रको क्षेत्र-लाई "मकालु वरुण राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र" तोकेको छ ।

पूर्व : अरुण खोलाको शिर (नेपाल चीनको अन्तर्राष्ट्रिय सिमाना) बाट शुरु भई अरुण खोलै खोला हुँदै संखुवा खोला र अरुण खोलाको दोभानसम्म ।

पश्चिम : होङ्गु खोला (बुङ्ग गाउँको फेदी) बाट बुङ्ग गाउँको पश्चिम पट्टिको डाँडाको धारै धार सुर्केलासम्म । सुर्केलाबाट चेरेम गाउँको सिरान हुँदै हिङ्कु खोलासम्म ।

उत्तर : मकालु वरुण राष्ट्रिय निकुञ्जको दक्षिणी सिमाना ।

दक्षिण : संखुवा खोला र अरुण खोलाको दोभानबाट पश्चिमतर्फ साउने डाँडाको शिरै शिर बुकुरखोलाको (होङ्गु खोलाको शाखा) सिरानसम्म । त्यहाँबाट बुकुरखोलै खोला हुँदै होङ्गु र बुकुर खोलाको दोभान हुँदै दक्षिणतर्फ होङ्गु खोलै खोला बुङ्गु गाउँको फेदीसम्म ।

आज्ञाले,
रविशर्मा अर्याल
उप-सचिव कानून

श्री ५ को सरकार

## भूमि सुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले खण्ड ४८, संख्या ६, मिति २०५५।२।११ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा उल्लेख गरिएको कम्पनीले पालना गर्नुपर्ने शर्तहरू मध्ये शर्त नं. १, २, ३ र ४ हरू पालना गर्ने अवधि एकपटकको लागि यो सूचना प्रकाशन भएको मितिले ३ महिनाको लागि थप गरेको छ ।

आज्ञाले,
योद्धा शाह
श्री ५ को सरकारको निमित्त सचिव

३९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।